

# एस० आर०आइ० (SRI) विधि द्वारा धानको खेती गरौं

विस्तार एंव प्रशिक्षण शाखा खाद्य सुरक्षा
कृषि विकास विभाग

कृषि भवन तादोङ, गान्तोक

सिक्किममा लगाइने अन्न-बालीहरू मध्ये धान एक प्रमुख हो। तर उध्योगिकरण, विभिन्न प्रगतिशील कार्य प्रकृति प्रकोप अनि अन्यकारणहरूले गर्दा धान खेतीको क्षेत्रफल सिक्किम साथै भारतवर्षमानै घट्दै आइरहेछ।

धानको छेत्रफल घट्दा घट्दै पनि कुल उत्पादनलाई स्थिर राख्न अथवा **बृद्धि गर्नको निम्ति प्रत्येक धानको विरूवाबाट उत्पादन बड़ाउन सम्भव छ** जो हामी एस० आर० आई० (SRI) एक नयाँ तकनिकि विधि अप्नाएर गर्न सक्छौं। एस० आर०आई० बिधि भनेको साधारणत धान उत्पादन बृद्धि गर्ने तरिका हो जसलाई अंग्रेजीमा System of Rice Intensification भनिन्छ।



पारम्परिक तरिका



एस० आर०आइ तरिका

## एस० आर०आइ तरिकामा मुख्य चार क्षेत्रमा परिवर्तन ल्याउँछ।

1) धानको बिउ ब्याड़मा छरेर टुसा 12 दिन भित्र रोपाइ गर्न पर्छ

2) बेर्ना सार्दा एक-एक वटामात्रै अलग-अलग सार्नु पर्छ।

3) सार्दा खेरी विरूवा टाढ़ा-टाढ़ा लगाउन पर्छ। एक वित्ता देखि एक हात सम्म टाढ़ा 20-30cm गरी लगाउन पर्छ।

4) खेतमा बड़ी पानी हाल्नु पर्दैन।



## पारम्परिक एस० आर०आइ० तरिकाको तुल्नामक विवरण

| विवरण | पारम्परिक तरिका | एस० आर०आइ तरिका |
|---|---|---|
| 1) विजनको मात्रा | 35-40 के० जी० प्रति हेक्टर | 05 के० जी०प्रति हेक्टर |
| 2) बिरूवाको तयारी | 25-35 दिन- | 8-12 दिन |
| 3) प्रति गांजमा बेर्नीको संख्या | 4 | 1 |
| 4) प्रति गांजमा हांगाको संख्या | 9 | 55 |
| 5) प्रति हांगामा गेड़ाको संख्या | 114 | 181 |
| 6) प्रति गांजमामा गेड़ाको संख्या | 824 | 5858 |
| 7) पानीको आवश्यकता | अधिक पानीको आवश्यकता (अधिकांश समय 3-5 से०मा० पानी भईरहन पर्छ।) | कम्ती पानीको आवश्यकता (1-3 से मी पानीको जरूरत बालीनिस्कने समयमा) |
| 8) उत्पादन | 35Qtl./Ha* | 60 Qtl./Ha* |

*(उत्पादन- उत्तरखण्डमा 2006 सालमा गरिएको फसल कटाईमा आधारित)

विस्तार एंव प्रशिक्षण शाखा खाद्य सुरक्षा - कृषि विकास विभाग कृषि भवन तादोङ, गान्तोक